# करदाताहरुमा आन्तरिक राजस्व कार्यालय जोरपाटीको अनुरोध

आर्थिक ऐन, २०७७ ले प्रदान गरेका देहायका छुट सुविधा (स्किम) को समय मै उपयोग गरी लाभ लिनुहोस्। ध्यान दिनुहोला करदाताले यो सुविधाको दावी मिति २०७७/११/२९ भित्र गरिसक्नु पर्नेछ।

## (क) स्थायी लेखा नम्बर (PAN) नलिएका व्यक्तिको लागि:

- *छुट सुविधा कसले पाउने ?*
  - बिगतमा कर लाग्ने आय आर्जन गरेको तर आयमा कर नतिरेको
  - स्थायी लेखा नम्बर (PAN) नलिएको / आन्तरिक राजस्व कार्यालयमा दर्ता नभएको
- *छुट सुविधाको लाभ लिन के गर्ने ?*
  - आर्थिक वर्ष २०७४/७५, २०७५/७६ र २०७६/७७ को आय विवरण र कर बुझाउने
  - स्थायी लेखा नम्बर (PAN) लिने
- *प्राप्त हुने छुट सुविधा ....*
  - आ. व. २०७४/७५ भन्दा अघिका कर, शुल्क तथा व्याज बुझाउनु नपर्ने

## (ख) स्थायी लेखा नम्बर (PAN) लिएका व्यक्तिको लागि:

- *छुट सुविधा कसले पाउने ?*
  - स्थायी लेखा नम्बर (PAN) लिई आय विवरण पेश नगर्ने करदाताहरु

| **वार्षिक रु. ५० लाखसम्मको कारोवार गर्ने प्राकृतिक व्यक्तिको लागि** | **वार्षिक रु. ५० लाखभन्दा बढीको कारोवार गर्ने प्राकृतिक व्यक्ति वा निकायको लागि** |
|---|---|
| *छुट सुविधाको लाभ लिन के गर्ने ?*<br>▪ आर्थिक वर्ष २०७३/७४, २०७४/७५, २०७५/७६ र २०७६/७७ को आय विवरण बुझाउने<br>▪ सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको २५% रकम बुझाउने<br>*प्राप्त हुने छुट सुविधा ....*<br>▪ आ. व. २०७३/७४ भन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने<br>त्यस्तो आयमा लाग्ने कर, शुल्क तथा बाँकी व्याज मिन्हा हुने | *छुट सुविधाको लाभ लिन के गर्ने ?*<br>▪ दाखिला गर्न बाँकी आय विवरण बुझाउने<br>▪ सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको २५% रकम बुझाउने<br>*प्राप्त हुने छुट सुविधा ....*<br>▪ सोमा लाग्ने शुल्क तथा बाँकी व्याज मिन्हा हुने |

## (ग) मूल्य अभिबृद्धि कर (VAT) को विवरण पेश नगर्ने करदाताको लागि:

- *छुट सुविधा कसले पाउने ?*
  - सम्बत् २०७५ असार मसान्तसम्मको VAT विवरण नबुझाएका करदाताहरु
- *छुट सुविधाको लाभ लिन के गर्ने ?*
  - बाँकी VAT विवरण, सो बमोजिमको मू.अ. कर र सोमा लाग्ने व्याजको ५०% रकम बुझाउने
- *प्राप्त हुने छुट सुविधा ....*
  - सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी व्याज मिन्हा हुने ।

PAN लिएर आय विवरण नबुझाउने तथा VAT को विवरण पेश नगर्ने करदाताहरुको सूची वेभ साइटमा राखिएकोछ।

थप जानकारी तथा आवश्यक सहयोगको लागि आन्तरिक राजस्व कार्यालय जोरपाटीमा सम्पर्क राख्नुहोस्।

**वेभ साइट:** ird.gov.np/branch/iro-jorpati **टेलिफोन नं. ४९१४१९० ४९१४८४०/५०**